दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २०१ | बुटवल | २०८३ साउन १३ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday July 29, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

**गुरुहरूप्रति सम्मान व्यक्त गरौं**

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं।
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

# लुम्बिनी प्रदेश सरकारबाट बाहिरियो कांग्रेस



**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेश सरकारमा सहभागी नेपाली कांग्रेसका मन्त्रीहरुको राजीनामा दुई दिन 'होल्ड' पछि मंगलबार मुख्यमन्त्री चेतनारायण आचार्यलाई बुझाएको छ। सरकारलाई दिएको समर्थन फिर्ता लिँदै कांग्रेसका पाँच मन्त्रीले सामूहिक राजीनामा बुझाएका हुन्।

नेपाली कांग्रेस संसदीय दलका सचेतक धनलक्ष्मी श्रेष्ठले मुख्यमन्त्री चेतनारायण आचार्यसमक्ष सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्रसहित मन्त्रीहरूको सामूहिक राजीनामा बुझाएकी हुन्।

राजीनामा बुझाउने मन्त्रीहरूमा सहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा, आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपाने, सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना तथा वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवार रहेका छन्।

केन्द्रीय राजनीतिमा समीकरण परिवर्तन भएसँगै लुम्बिनी प्रदेश सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरूले राजीनामा दिँदै सरकारबाट बाहिरिएका हुन्।

कांग्रेस सरकारबाट बाहिरिएपछि अब लुम्बिनी प्रदेशमा नेकपा (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को संयुक्त सरकार गठन हुने तयारी छ। नयाँ मन्त्रीहरूको नियुक्ति र मन्त्रालय बाँडफाँटका विषयमा एमाले र नेकपाका नेतृत्वबीच छलफल हुने बताइएको छ।

नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीबिच सातै प्रदेशमा सत्ता सहकार्य गर्ने लिखित सहमति आदान प्रदान भएको भोलिपल्ट लुम्बिनीमा कांग्रेसबाट मन्त्री बनेका पाँचजनाले संसदीय दलका नेता डिल्लीबहादुर चौधरीलाई राजीनामा बुझाएका थिए।

तर दल नेता चौधरीले दुई दिनसम्म मन्त्रीहरुको राजीनामा होल्ड गरेर मुख्यमन्त्री चेतनारायण आचार्य, सत्ता साझेदार एमाले र अन्य दलका सांसदहरुसँग राजनीतिक संवाद गरेका थिए। कांग्रेसकै कतिपय सांसदहरुका अनुसार चौधरीले आफ्नै नेतृत्वमा सरकार बनाउन प्रयास गरेका थिए। उक्त प्रयास सफल नभएपछि कांग्रेसका मन्त्रीहरुको राजीनामा मुख्यमन्त्री आचार्यलाई बुझाइएको हो।

एमाले र नेकपाले केन्द्रमा गरेको सहमतिअनुसार लुम्बिनी सरकारको नेतृत्व एमालेको भागमा परेको छ। एमालेभित्र हालका मुख्यमन्त्री चेतनारायण आचार्यलाई निरन्तरता दिने कि नयाँलाई बनाउने निर्णय हुन बाँकी रहेको एमालेकी प्रमुख सचेतक यमुना रोका तामाङले बताइन्। यसअघि दल नेता रहेका र मुख्यमन्त्री नियुक्त हुन ठीक्क परेका बेला अन्तिममा पार्टी केन्द्रबाट हटाइएका लीला गिरी, पूर्वमन्त्री रहेका भूमिश्वर ढकाल र संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठले पनि मुख्यमन्त्रीमा दाबी गरिरहेका छन्।

चारै जनाले दाबी गरेपछि पार्टी केन्द्रले टुंगो लगाउन सकेको छैन। माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजीत थारुले केन्द्रमा सहमति भइसके पनि प्रदेशस्तरमा सरकार गठन, मन्त्रालय बाँडफाँट तथा अन्य विषयमा एमालेसँग औपचारिक छलफल नभएको बताए।

८७ सदस्यीय प्रदेशसभा अहिले ८३ सदस्यीय कायम छ। यसमध्ये एमालेका २९ र नेकपाका १३ जना (सभामुखसहित) छन्। बहुमतका लागि ४२ जना आवश्यक पर्छ। एमाले नेकपाका लागि वहुमत पुऱ्याउन एकजना सांसदको समर्थन आवश्यक पर्छ। पुर्व माओवादी हाल स्वतन्त्र सांसद खड्गबहादुर बस्नेतले एमाले - नेकपा गठबन्धनलाई समर्थन गर्नेमा दुबै दल विश्वस्त छन्। १२ सदस्यीय मन्त्रिमण्डल रहेको हालको लुम्बिनी सरकारमा अशोक राई नेतृत्वको जसपा, साविक लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) तर हाल एकतापछि जसपा नेपालको पनि सहभागिता छ। सरकारले प्रदेशका मन्त्रालय १२ बाट घटाएर ८ वटा बनाउने विषय चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र वजेटमा उल्लेख गरेको छ। तर सरकारको किचलोका कारण मुख्यमन्त्री आचार्यले मन्त्रालय घटाउने निर्णय कार्यान्वयन गर्न सकेका छैनन्।

## मुख्यमन्त्रीले सम्हाले ६ मन्त्रालय

बुटवल। लुम्बिनी प्रदेश सरकारमा सहभागी नेपाली कांग्रेसका पाँच मन्त्रीले सामूहिक रूपमा राजीनामा दिएपछि मुख्यमन्त्री चेतनारायण आचार्यले मन्त्रालयहरूको जिम्मेवारी हेरफेर गर्दै नयाँ कार्यविभाजन गरेका छन्।

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ को नियम ४ को उपनियम २ बमोजिम मन्त्रालयहरूको कार्यभार हेरफेर गरी मन्त्रिपरिषद्को कार्यविभाजन गरिएको हो। नयाँ कार्यविभाजनअनुसार मुख्यमन्त्री चेतनारायण आचार्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगै आर्थिक मामिला तथा योजना मन्त्रालय, शहरी विकास तथा खानेपानी मन्त्रालय, उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको हो। शहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा, आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपाने, सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना तथा वन तथा वातावरण मन्त्री देवकरण प्रसाद कलवारले मंगलबार मन्त्री पदबाट राजीनामा दिनुभएको थियो। लुम्बिनीमा अब नेकपा एमाले(नेपाली कम्यूनिष्ट पार्टीको संयुक्त सरकार गठन हुनेछ।

# कांग्रेस र एमालेले खोजे स्वतन्त्र र निश्पक्ष निर्वाचनको सुनिश्चितता

बुटवल। नेपाली कांग्रेस र नेकपा एमालेले स्वतन्त्र र निश्पक्ष निर्वाचनको सुनिश्चितता खोजेका छन्।

निकट भविष्यमा स्थानीय तहको र प्रदेशको निर्वाचन हुने उल्लेख गर्दै दुवै दलले यो पृष्ठभूमिमा हुन लागेको प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति हुँदा प्रस्तावित व्यक्तिहरूले स्वतन्त्र र निष्पक्ष निर्वाचनको सुनिश्चितता गर्न सक्नुपर्ने बताएका हुन्।

संवैधानिक परिषद्को गत असार १९ गतेको बैठकले प्रमुख निर्वाचन आयुक्तमा मानबहादुर कार्की तथा आयुक्तहरूमा गुरुप्रसाद वाग्ले (ओखलढुंगा) र डा. राजीव सुब्बा (काठमाडौं)को नाम सिफारिस गर्ने निर्णय गरेको थियो।

त्यसपछि ५ साउनमा बसेको संसदीय सुनुवाइ समितिको बैठकले प्रस्तावित दुई जना आयुक्तहरूलाई प्रस्तुतीकरणका लागि बोलाउने निर्णय गरेको थियो। त्यसअनुसार प्रस्तावित निर्वाचन आयुक्तको सुनुवाइका क्रममा सांसदहरूले प्रस्तावित व्यक्तिहरूले स्वतन्त्र र निष्पक्ष निर्वाचनको सुनिश्चितता गर्न सक्नुपर्ने बताएका हुन्।

कांग्रेस सांसद अर्जुननरसिंह केसीले भने -'निर्वाचन आयोगलाई साँच्चै निर्वाचन आयोग कसरी बनाउने ? स्वतन्त्र कसरी बनाउन सकिन्छ ? यसबारे यहाँहरूले आस्वस्त पार्न सक्नुपर्छ।" निर्वाचन आयोगलगायत संवैधानिक निकाय निष्पक्ष हुन आवश्यक रहेको दोहोऱ्याए। 'यस्ता संस्था हिजो पनि सरकारको लाचार छाया थिए, छन्। यो बदलिनुपर्छ।'- उनले भने।

नेकपा एमाले संसदीय दलका उपनेता पद्मा अर्यालले भनिन्-'निष्पक्ष निर्वाचन आजको प्रमुख कुरा हो।'

भन्दा निष्पक्ष भन्ने तर व्यवहारमा विदेशमा भएकाको नाममा, मृत्यु भइसकेका व्यक्तिको नाममा मतदान हुने प्रवृत्ति कायमै रहेको बताइन्। निर्वाचन बुथ कब्जा गरेरै मतदान गर्ने प्रवृत्ति रहेको भन्दै यस्तोमा निर्वाचन आयोगको भूमिकामाथि प्रश्न उठ्ने र प्रश्न उठ्दै आएको बताइन्। कांग्रेस सांसद आनन्दप्रसाद ढुंगानाले मौन अवधी सुरु भइसकेको अवस्थामा समेत उम्मेदवारी खारेज हुने जस्तो प्रवृत्ति किन देखिन्छ भनेर प्रश्न गरे।

प्रस्तावित निर्वाचन आयुक्त डा. राजीब सुब्बाले निर्वाचन प्रणालीलाई प्रविधिमैत्री बनाउँदै निर्वाचन प्रणालीलाई पेपरलेस बनाउँदै लैजाने बताएका छन्।

मंगलबार संसदीय सुनुवाइ समिति (संयुक्त) मा भएको सुनुवाइका क्रममा उनले आफ्नो कार्ययोजना प्रशुत गर्दै समयसापेक्ष निर्वाचन गर्न प्रविधिको अधिकतम प्रयोग गर्नुपर्नेमा जोड दिएका हुन्। इलेक्ट्रोनिक भोटिङ मेसिन (ईभीएम), इन्टरनेट भोटिङ, पोस्टल भोटिङ र 'नोटा'को व्यवस्था गर्नको लागि कानुनी सुधार आवश्यक रहेको उनले बताए। उनले विदेशमा रहेका नेपालीलाई मतदानमा सहभागी गराउन पनि कानुन संशोधन पर्याप्त हुने दाबी गरे। बंगलादेशको उदाहरण प्रस्तुत गर्दै उनले त्यहाँ 'आईटी असिस्टेड पोस्टल भोटिङ' प्रणाली लागू भएपछि १२ लाखभन्दा बढी प्रवासी मतदाताले मतदानमा भाग लिएको बताए।

डा. सुब्बाले निर्वाचन आयोगको सूचना प्रणालीलाई राष्ट्रिय परिचयपत्र, मतदाता नामावली, अध्यागमन, राजनीतिक दल, जीआईएस तथा अन्य सरकारी डेटासँग अन्तरआबद्ध गरी 'रियल टाइम' निर्णय प्रणाली विकास गर्नुपर्ने बताए।

» *बाँकी ३ पेजमा*

# यस्तो थियो कांग्रेस वरिष्ठ नेता श्रेष्ठको अन्तिम भाषण



बुटवल। नेपाली कांग्रेसका वरिष्ठ नेता गोपालमान श्रेष्ठको निधन भएको छ। विगत लामो समयदेखि प्याङ्क्रियाज क्यान्सरबाट पीडित भएका श्रेष्ठ भारतको अस्पतालमा उपचार गराएर फर्किएका थिए। उनलाई १४ दिनअघि हेलियस अस्पतालमा भर्ना गरिएको थियो।

मंगलबार दिउँसो डाक्टरहरूको टिमले श्रेष्ठको निधन भएको घोषणा गरेको श्रेष्ठको सचिवालयका सदस्य सुयोग आचार्यले जानकारी दिए। अस्पतालमा भेटेर फर्किएपछि यही साउन ७ गते कांग्रेस सभापति गगन थापाले श्रेष्ठलाई पार्टीको वरिष्ठ नेता घोषणा गरेका थिए। उनको अन्त्येष्टि बुधबार (साउन १३) बिहान ११ बजे पशुपति आर्यघाटमा गरिने कांग्रेस गण्डकी प्रदेशका उपसभापति मेखलाल श्रेष्ठले जानकारी दिए।

अन्त्येष्टिअघि श्रद्धाञ्जलीका निम्ति उनको पार्थिव शरीर कांग्रेस केन्द्रीय कार्यालय सानेपामा राखिनेछ। बुधबार बिहान ८ देखि ११ बजेसम्म पार्टी कार्यालयमा श्रद्धाञ्जलीपश्चात् उनको अन्त्येष्टि गरिने छ।

श्रेष्ठमा प्याङ्क्रियाजसम्बन्धी समस्या देखिएपछि नर्भिक र धुलिखेल अस्पतालमा उपचार गरिएको थियो। त्यसपछि उनलाई भारतको नयाँ दिल्लीस्थित एपोलो अस्पतालमा लगेर उपचार गराइएको थियो। त्यहाँ उनले किमोथेरापी समेत लिएका थिए।

करिब तीन महिनाको उपचारपछि उनी स्वदेश फर्किएका थिए। तर, त्यसयता उनको स्वास्थ्य अवस्था क्रमशः कमजोर हुँदै गएको थियो। दिवंगत श्रेष्ठ पछिल्लो ९/१० दिनदेखि जावलाखेलस्थित हेलियस अस्पतालको सघन उपचार कक्ष (आईसीयू)मा उपचाररत थिए। गोपालमान कांग्रेसका पुराना र प्रभावशाली नेतामध्ये एक थिए। उनले पार्टीको कार्यवाहक सभापति र उपसभापतिको जिम्मेवारी सम्हालेका थिए थिए।

राजाको प्रत्यक्ष शासनकालमा तत्कालीन कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा जेल परेका बेला श्रेष्ठले पार्टीको नेतृत्व गरेका थिए। गत वर्ष पुसमा उनी देउवा समूह छाडेर विशेष महाधिवेशनका पक्षमा खुलेका थिए।

विशेष महाधिवेशनको पक्षमा खुल्दै उनले भनेका थिए-'आज म यहाँ कुनै पद माग्न उभिएको हैन। म ७८ वर्षको व्यक्ति हुँ, मैले ७० वर्ष यो पार्टीमा रगत र पसिना बगाएको छु। न त कुनै व्यक्तिका स्वार्थको पोको लिएर आएको छु। यो ऐतिहासिक मञ्चमा उभिएर हाम्रो गौरवशाली पार्टी नेपाली कांग्रेस र देशको अस्तित्वको बारेमा बोल्न आएको हुँ।' त्यसबेला उनले गुट त परै जाओस् पार्टीभन्दा माथि उठेर राष्ट्रियता जोगाउन एकजुट हुनुपर्ने बताएका थिए।

'स्थिति अत्यन्त जटिल छ। भाद्र २३ र २४ ले के देखाएको छ ?,' श्रेष्ठले भनेका थिए-'अब पार्टीभन्दा माथि उठेर, गुटको कुरै नगर्नुस्, पार्टीभन्दा माथि उठेर राष्ट्रियता जोगाउन हामी एकजुट हुनुपर्छ।'बीपीले मेलमिलापको नीति लिएको स्मरण गर्दै श्रेष्ठले अहिले पनि त्यही अवस्था रहेको बताएका थिए। '२०३३ सालमा बीपी कोइरालाले पौष १६ गते राष्ट्रिय एकता र मेलमिलापको नारा लगाउनुभयो। त्यही अवस्था अहिले पनि छ,' उनले भनेका थिए-'यो दक्षिण एशियामा हाम्रो आकाशमा कालो बादल मडारिएको छ।' उनले इतिहासको ब्याज खाएर भविष्य नचल्ने बताएका थिए।

» *बाँकी ३ पेजमा*

# सुनसरी घटनामा के भन्यो रास्वपाले ?

बुटवल। सत्तारुढ दल रास्वपाका सभापति रवि लामिछाने सुनसरीलगायत तराईका जिल्लाहरूमा घटेका घटनाप्रति दुःख व्यक्त गर्दै ध्यानार्षण भएको जनाएका छन्।

मंगलबार विज्ञप्ति जारी गरी सभापति लामिछानेले घटनाले निम्त्याएको तनावपूर्ण परिस्थितिप्रति पार्टी मर्माहत भएको उल्लेख गरेका हुन्।

'सुनसरी लगायतका पूर्वी जिल्लामा हालै घटेको अत्यन्तै संवेदनशील र दुःखद घटनाप्रति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को गम्भीर ध्यानाकर्षण भएको छ। यस घटना र यसले निम्त्याएको तनावपूर्ण परिस्थितिप्रति सिङ्गो पार्टी पंक्ति स्तब्ध र मर्माहत भएको छ।'- उनले भनेका छन्।

उनले कुनै पनि समस्याको समाधान हिंसा र मुठभेडबाट हुन नसक्ने उल्लेख गरेका छन्।

उनले कुनै प्रकारका उत्तेजना र अफवाहको पछि नलागी उच्च संयमता अपनाउनु नै अहिलेको प्रमुख आवश्यकता भएको पनि विज्ञप्तिमा उल्लेख गरेका छन्। त्यस्तै उनले रास्वपा शान्ति, न्याय र सामाजिक सदभावको पक्षमा सदैव अडिग रहेको भन्दै परिस्थितिलाई सामान्य बनाउन र आपसी संवादमार्फत् समस्याको शान्तिपूर्ण समाधान खोज्न पार्टीको तर्फबाट आवश्यक हरेक सकारात्मक भूमिका निर्वाह गर्न हामी निरन्तर छलफलमा रहेको बताएका छन्। यस घटनालाई राजनीतिकरण नगर्न पनि भनेका छन्।

# स्वास्थ्यकर्मीमाथि आक्रमण अस्वीकार्य : गगन



बुटवल। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कार्यस्थलमै स्वास्थ्यकर्मीमाथि आक्रमण हुनु सभ्य समाजमा स्वीकार्य नहुने बताएका छन्। गत शनिबार वीरगञ्जस्थित नारायणी अस्पतालमा एक बिरामीको मृत्यु भएपछि आक्रोशित आफन्तले अस्पतालको आकस्मिक कक्षमा तोडफोड गर्नुका साथै ड्युटीमा रहेका डा. प्रमोद राममाथि कुटपिट गरेका थिए।

यसको विरोधमा मंगलबार उनीहरूले देशभर आकस्मिकबाहेकका सेवा बन्द गरेका छन्। साथै, अस्पतालका ६८ चिकित्सकले सामूहिक राजीनामा दिएका छन्।

उनीहरूले दोषीमाथि तत्काल कानुनी कारबाही र स्वास्थ्यकर्मीको सुरक्षा सुनिश्चित गर्न माग गरेका छन्। सेवा बन्द भएकै कारण देशभरका अस्पतालमा हजारौं बिरामी अलपत्र परेका छन्।

यही विषयलाई लिएर सभापति थापाले अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूमाथि भएको सांघातिक आक्रमण एवं अस्पतालमा भएको तोडफोडको घटना अत्यन्तै दुखद र निन्दनीय रहेको बताएका हुन्।

"नागरिकको जीवन रक्षाका लागि खटिने चिकित्सक तथा स्वास्थ्यकर्मीहरू नै आफ्नै कार्यस्थलमा असुरक्षित हुनु र उपचार गर्ने क्रममा वा गरेकै आधारमा दुर्व्यवहार र भौतिक आक्रमणमा पर्नु कुनै पनि सभ्य समाजमा स्वीकार्य हुन सक्दैन।"- सामाजिक सञ्जालमा उनले लेखेका छन्। थापाले यो घटनापछि पेसागत सुरक्षाका लागि नेपाल चिकित्सक संघलगायतको आह्वानमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरू आन्दोलित हुनुपरेको बताए।

» *बाँकी ३ पेजमा*

## सार्वजनिक सूचना

### विज्ञापन प्रकाशन सम्बन्धी दररेट

बुटवलबाट प्रकाशित लुम्बिनी राष्ट्रिय दैनिक, **मेचीकाली राष्ट्रिय दैनिक, बुटवल टुडे राष्ट्रिय दैनिक, दैनिक पत्र राष्ट्रिय दैनिक र नवतिलोत्तमा दैनिकको मिति २०८३ साल साउन ७ गतेदेखि लागू हुने गरी विज्ञापन प्रकाशनसम्बन्धी न्यूनतम दररेट कायम गरिएको सबैमा जानकारी गराइन्छ।**

**यस व्यवस्थाबाट विज्ञापनदाताहरूलाई समान, पारदर्शी, विश्वसनीय तथा व्यवस्थित सेवा उपलब्ध हुने विश्वास लिएएको छ।**

**न्यूनतम विज्ञापन दररेट (संक्षेपमा)**

| | विज्ञापन तथा सूचना | न्यूनतम दर |
|---|---|---|
| १. | हार्दिक बधाई तथा शुभकामना, समवेदना, श्रद्धाञ्जली तथा व्यवसायिक विज्ञापन | रु.१०० ( प्रति सी. सी.) |
| २. | हराएको सम्बन्धी सूचना (राहदानी, नागरिकता, बीमा, शैक्षिक प्रमाणपत्र आदि तथा अदालत, कम्पनी रजिष्ट्रार, बैंक तथा वित्तीय संस्था, कानुनी, सार्वजनिक, आवश्यकता तथा सहकारी सम्बन्धी सूचना | रु.३,००० (प्रति सूचना) |
| ३. | सरकारी तथा सार्वजनिक खरिद, बोलपत्र, आशयपत्र तथा प्रस्ताव आवहान सम्बन्धी सूचना | विज्ञापन बोर्डबाट स्वीकृत दररेटअनुसार |
| ४. | बैंक तथा वित्तीय संस्थाका कर्जा तथा धितो लिलामी सूचना | रु.१०० (प्रति सी.सी.) |
| ५. | सरकारी तथा स्थानीय तहका जनहितका सूचना तथा वन सम्बन्धी सूचना र पेन्सनपट्टाको सूचना | ५,००० (न्यूनतम) |

**उल्लेखित दररेटमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा मूल्य अभिवृद्धि कर (भ्याट) अतिरिक्त लाग्ने छ।**



**लुम्बिनी राष्ट्रिय दैनिक, मेचीकाली दैनिक, बुटवल टुडे राष्ट्रिय दैनिक, र नवतिलोत्तमा दैनिक पत्रिकाहरुको ग्राहक शुल्क २०८३ साल श्रावण महिनादेखि लागू हुने गरी प्रतिदिन रु. १० (दश रुपैयाँ) कायम गरिएको छ।**

**बुटवलबाट प्रकाशित राष्ट्रिय दैनिक पत्रिकाहरू**

दैनिक लुम्बिनी | मेचीकाली राष्ट्रिय दैनिक | दैनिक पत्र राष्ट्रिय दैनिक | बुटवल टुडे राष्ट्रिय दैनिक | तिलोत्तमा राष्ट्रिय दैनिक

# सम्पादकीय

## सडक यातायातमा सुरूङ मार्ग

सात वर्षअघि निर्माण सुरु भएको नागढुङ्गा–सिस्नेरी सुरूङमार्ग सञ्चालनमा आएसँगै नेपाल सुरूङ युगमा प्रवेश गरेको छ । यो सुरूङमार्गले काठमाडौं जाने र त्यहाँबाट बाहिरिने गाडी घण्टौं जाममा पर्नुपर्ने अवस्थाको अन्त्य मात्रै भएको छैन, पूर्वाधार विकासमा अब सुरूङ मार्ग बलियो विकल्पको रुपमा स्थापित हुनेछ ।

वि.सं.२०७६ कार्तिक ४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सुरूङ निर्माणको शिलान्यास गरेका थिए । प्रारम्भिक सम्झौता अनुसार, यसको निर्माण ४२ महिनामा सकिनुपर्ने थियो । कोभिड–१९, मुआब्जा विवादलगायत कारणले निर्माणमा ढिलाइ भयो । मुख्य सुरूङको लम्बाई २ दशमलव ६८ किलोमिटर रहेकोमा २ दशमलव ५५ किमि आपतकालीन सुरूङ रहेको छ । पैदलयात्री, दुई पाङ्ग्रे सवारी, डिजेल, पेट्रोलसहित प्रज्ज्वलनशील पदार्थ ढुवानी गर्ने सवारी साधन सुरुङमार्गभित्र चल्न पाउँदैनन् । यो सुरुङ मार्गको लागत २८ अर्ब पुगेको छ । समयमा काम नसक्दा आयोजनाको लागत बढेको हो । सुरुमा जापान सरकारको साढे १६ अर्ब र नेपाल सरकारको ६ अर्ब लगानीमा यो सुरुङ निर्माण गर्ने सम्झौता भएको थियो । निर्माणको लागत बढेपछि जापान सरकारले ६ अर्ब ऋण सहयोग उपलब्ध गराएको थियो ।

शिलान्यास प्रधानमन्त्रीले गर्ने भनिए पनि अन्ततः भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले गरे । राष्ट्रिय गौरवको यो आयोजना मुलुकको विकासमा नयाँ छलाङ भएकाले प्रधानमन्त्रीले उद्घाटन गरेको भए अझै राम्रो हुन्थ्यो । प्रधानमन्त्रीले उद्घाटनमा रुची नदेखाएर गल्ती गरेका छन् । प्रधानमन्त्री केवल प्राविधिक पद होइन्, यो नागरिकसँग प्रत्यक्ष जोडिने संस्था हो । उद्घाटनसँगै तत्कालीन प्रधानमन्त्रीले शिलान्यास गरेको शिलापत्र फालिएको भन्दै विरोध भएकोछ । नियतवश नभई अन्य कारणले हटाइएको र पुनःस्थापना गरिने भौतिक पूर्वाधारमन्त्री लम्सालले जानकारी गराएका छन् । विकास निर्माणका काममा आग्रहभन्दा माथि उठेर अघि बढ्न सक्दा मात्रै प्रतिफलमुखी आयोजना अघि बढाउन सकिन्छ ।

यो सुरूङ मार्गको निर्माणले धेरै सिकाएको छ । अब मुलुकलाई सुरूङ मार्गमा प्रवेश गराउनुपर्छ । सिद्धबाबाको जोखिमयुक्त क्षेत्रमा सुरूङ मार्ग बन्दैछ, यो पनि छिट्टै निर्माण सम्पन्न हुनेछ । दाउन्ने खण्डमा पनि सुरूङ मार्ग नै भरपर्दो विकल्प भएको प्राविधिक अध्ययनबाट देखिएको छ । सम्भाव्यता अध्ययन भएको छ, अन्यत्र पनि आवश्यकताअनुसार सुरूङ मार्ग बनाउन सक्दा सडक यातायातलाई भरपर्दो र छरितो बनाउने छ । सिँचाइका लागि भेरीबबई र मरिन-सुनकोशी डाइभर्सन बनिरहेका छन् । बिजुलीका लागि सुरूङमार्ग पहिलेदेखि बन्दै आएका छन् ।

# मिडियाप्रति अनुदार अभ्यास



विपुल पोखरेल

सिंढी चढेर माथि पुगेपछि त्यो सिंढीलाई भत्काइदिंदा कसरी ओर्लने भन्ने हेक्का राख्नुपर्छ । मिडियाकै बलमा प्राप्त विरासतको अभ्यास गर्दैगर्दा मिडियाप्रति यो ढङ्गको अनुदार बन्न न त नैतिकताका दृष्टिले उचित होला, न विरासत उल्टिएको दिन स्वतन्त्र विचार राख्ने माध्यम नै उपलब्ध होला । यो हेक्का वर्तमान नेपाली शासकहरूले समय छँदै राखे राम्रो हुनेछ ।

पत्रकारिता भनेको के हो ? यसका मूल्य-मान्यता के हुन् ? पत्रकारिता किन आवश्यक छ ? अनि मूल्य-मान्यतामा आधारित पत्रकारिताको अपेक्षा किन हुन्छ ? यी र यस्ता सवालको जवाफ सोझो भाषामा खोज्ने हो भने भन्न सकिन्छ कि- कुनै पनि खबरमा सबै जनाको पहुँच पुगोस् वा सबैले सबै खबर पाउने कुराको सुनिश्चितता होस् !

तर त्यो खबर सबैसँग पुग्दा खबरको अन्तर्य कत्ति पनि नबिग्रेर पुगोस्, त्यो खबरको विश्लेषण गर्ने अन्तिम अधिकार त्यो खबर प्राप्तकर्तामा सीमित होस् । साथै गलत खबरबाट कोही पनि पीडित हुने र सत्य खबरबाट कोही पनि वञ्चित हुने अवस्था नहोस् ।

विद्वान्हरूले पत्रकारितालाई विभिन्न रूपमा परिभाषित गरेका छन् । सूचनाको विश्लेषण सहित त्यसलाई सन्तुलित ढंगबाट सञ्चार उपभोक्तासम्म पुऱ्याउने पूर्ण प्रक्रिया नै पत्रकारिता हो भन्ने मतमा आधारित भएर नै सबै विद्वान्का परिभाषा बनेका हुन् ।

पत्रकारिता केवल सूचना संकलन गरेर जस्ताको तस्तै प्रस्तुत गर्ने काम मात्र होइन । यदि कच्चा सूचना वा तथ्याङ्कलाई मात्रै बाहिर ल्याउने हो भने त्यो सूचनाको संग्रह मात्र हुन्छ, जसले सर्वसाधारणलाई अलमलमा पार्न सक्छ, विशेष लाभ दिन सक्दैन । सूचनालाई संश्लेषण गरेपछि मात्र त्यो उपयोगी, अर्थपूर्ण र विश्वासिलो समाचार बन्दछ ।

जसरी विभिन्न कच्चा पदार्थलाई सही मात्रामा मिसाएर, प्रशोधन गरेर मात्र उपयोगी वस्तु बन्छ, त्यसैगरी छरिएर रहेका तथ्य, तथ्याङ्क र विचारहरूलाई एकत्रित गरी, तिनको अर्थ र प्रभाव स्पष्ट पार्दै समाजसामु पस्कनु नै सूचनाको संश्लेषण हो । त्यसैले 'सूचनाको संश्लेषणको पूर्ण प्रक्रिया नै पत्रकारिता हो' भन्ने मतमाथि विद्वान्हरूको साझा धारणा बनेको पाइन्छ ।

यो कुराले के देखाउँछ भने सूचना प्रवाहको माध्यम जेसुकै भएता पनि पत्रकारिताको अभ्यास र महत्व सधैं उस्तै हुन्छ र हुनुपर्ने हो । सूचनाको संश्लेषण सहितको सामग्री नै समाचार हो भन्ने कुरामा सहमत हुने हो भने त्यो समाचार कसैका लागि उपयोगी हुनै पर्छ । त्यसको प्रभाव समाज र यसका अङ्गहरूमा पर्नैपर्छ ।

मानिसलाई एक पटक सोच्नका लागि प्रेरित गर्ने ताकतका साथ त्यो समाचार अडिन सक्नुपर्छ । नयाँ केही गर्न चाहनेका लागि, यथास्थितिबाट अगाडि बढ्न चाहनेका लागि त समाचार सबैभन्दा ठूलो ऊर्जा हुन सक्नुपर्छ । रचनात्मक र ऊर्जाशील बाटोलाई अझ फराकिलो बनाएर सुरक्षित यात्रामा हिंडाउन सक्ने सारथी हुनुपर्छ समाचार । यस्तो अपेक्षा पनि गरिएको हुन्छ, पत्रकारितासँग ।

'यदि मलाई सरकार विनाको समाचारपत्र वा समाचारपत्र विनाको सरकारमध्ये एक रोज्न दिइयो भने, म अलिकति पनि नहिचकिचाई दोस्रो (सरकार विनाको समाचारपत्र) नै रोज्नेछु'–अमेरिकाका तेस्रो राष्ट्रपति थोमस जेफर्सन, जो अमेरिकी स्वतन्त्रताको घोषणापत्रका मुख्य लेखक थिए, उनको यो भनाइले के स्पष्ट पार्छ भने एउटा स्वतन्त्रताको पक्षधर शासकको पत्रकारितासँग निकै नै अपेक्षा रहन्छ ।

त्यसैगरी बीपी कोइरालाले दुईतिहाइको सरकार सञ्चालन गर्ने अवसर पाउँदा पनि पत्रकारहरूलाई बोलाएर 'मेरो सरकारको कामकारबाहीको आलोचना नियमित लेखिदेऊ, ताकि म सच्चिँदै राम्रो काम गर्ने अवसरबाट लाभान्वित हुन सकूँ' भनेका थिए । उनको यो अपेक्षाले के देखाउँछ भने सरकार र नागरिक बिचको सन्तुलन भत्कन नदिन र सरकारलाई जवाफदेही बनाउनका लागि एउटा लोकतान्त्रिक शासकले पत्रकारितासँग बलियो र महत्वपूर्ण अपेक्षा राखेको हुन्छ ।

तर एउटा तानाशाहले आफ्नो महत्वाकांक्षाको यात्रा तय गर्न थाल्दा सबैभन्दा ठूलो शत्रु स्वतन्त्र प्रेसलाई नै देख्ने गर्दछ । तानाशाह वा अधिनायकवादी शासकहरूले आफ्नो सत्ता जोगाउन, सत्यलाई दबाउन र नागरिकको चेतना नियन्त्रण गर्न खोज्छन् । तर स्वतन्त्र प्रेसले शासकका गलत क्रियाकलाप, भ्रष्टाचार र दमनलाई सार्वजनिक गरिदिन्छ । त्यसैले, आफ्नो महत्वाकांक्षा र निरङ्कुश शासनको बाटोमा सबैभन्दा ठूलो तगारो तानाशाहहरूले स्वतन्त्र प्रेसलाई नै देख्छन् ।

चाहे २०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन हातमा लिएपछि सबैभन्दा पहिला मिडियामाथि पूर्ण प्रतिबन्ध र सेन्सरसिप लगाएको घटना होस् वा सन् १९३० को दशकमा जर्मनीमा एडोल्फ हिटलरले सत्ता सम्हालेपछि सबैभन्दा पहिले स्वतन्त्र पत्रपत्रिकाहरू बन्द गराएर राज्यको नियन्त्रणमा लगेको सन्दर्भ नै किन नहोस्; यी घटनाहरूले तानाशाह शासकहरूको मनोविज्ञान बुझ्न मद्दत गर्छन् ।

हिटलरले त जोसेफ गोयबल्सको नेतृत्वमा प्रचार मन्त्रालय बनाएर आफ्नो विचारसँग नमिल्ने पुस्तक र पत्रपत्रिकाहरू जलाउन समेत लगाएका थिए भने स्वतन्त्र पत्रकारहरूलाई जेल हालिएको र देश निकाला गरिएको थियो । यी सबै सन्दर्भको निचोड के हुन्छ भने पत्रकारिता विनाको अवस्थाको अपेक्षा तानाशाह र निरङ्कुश शासकले मात्र गरेका हुन्छन् ।

लोकतान्त्रिक सत्ता र आम नागरिकको अपेक्षा स्वतन्त्र पत्रकारितासँग महत्वपूर्ण र समान रूपमा हुने गर्दछ । वर्तमान अवस्थामा प्रविधिको उच्च र अनपेक्षित विकासपछि समाचार प्रवाहका माध्यमहरू धेरै भएका छन् । तर ती माध्यमबाट प्रवाहित भइरहेका सबै सामग्री समाचार होइनन् । पत्रकारिता हुनका लागि निश्चित प्रक्रिया, मान्यता, जवाफदेही र जिम्मेवारीबोध पनि सँगसँगै हुने गर्दछ । पत्रकारिताले आफ्नो सीमाभित्र रहेर समाजमा बहसको सिर्जना गर्छ, कसैको वाह्वाहीमा आफूलाई सीमित गर्दैन ।

कुनै विषय उठ्यो भने त्यसप्रतिको सबैथरीको धारणालाई समान स्पेस दिन्छ । बहसमा विज्ञहरूलाई पनि सहभागी गराउँछ। सामान्य उपभोक्ता-अनुभवीको कुराका लागि पनि समान स्पेस दिन्छ । बहस नबरालियोस् भनेर आफ्नो सम्पादकीय नीति निर्माण गर्छ । पत्रकारले बजेट नपढेरै बोल्छन् भन्ने अभिव्यक्ति अर्थमन्त्रीको आउँछ । पढेका उनले शिक्षा, स्वास्थ्यमा समेत कर लगाउँछन् । प्राकृतिक विपत्तिले हायलकायल भएको बस्तीमा गएर 'गाउँ नै सार्दिऊँ त ?' भन्दै सांसदहरूले प्रस्ताव गर्छन् । मेयरको सरुवा गर्ने कुरा गर्छन् । नेपालले पनि भारतको जग्गा मिचेको छ भन्ने प्रधानमन्त्री छन् ।

यसरी सबै पक्षको आवाजलाई सबैका सामु राखिदिन्छ, जसले गर्दा अरूहरूलाई पनि आफ्नो धारणा बनाउन सहज हुने गर्दछ । तर तानाशाहहरूले यो बुझ्दैनन्, उनीहरूलाई एकोहोरो वाह्वाही चाहिन्छ । त्यसो भएन भने मिडियाप्रति निर्मम हुन्छन् र आफ्नो नियन्त्रणको सूचना प्रवाहको संयन्त्र निर्माण गर्छन् । त्यो संयन्त्रले पत्रकारिता गर्छ कि गर्दैन थाहा हुँदैन, तर तानाशाहको मन भने पक्कै जित्न सक्छ ।

नेपाली पत्रकारिताले यी सबै उतारचढावहरू व्यहोरिसकेको छ । अब त त्यस्तो भोग्नुपर्दैन भनेर ढुक्क भएको नयाँ पुस्ता फेरि भयभीत हुन पुगेको छ वर्तमान सरकारका गतिविधि देखेर । राजाले सञ्चार संस्थामा आर्मी पठाएको र टेलिफोन अवरुद्ध पारेको घटनालाई कथाका रूपमा श्रवण गर्ने पुस्ताले आफ्नै आँखाले देख्यो- व्यवधानका कति धेरै तरिका हुँदा रहेछन् कि सञ्चार संस्थाका कार्यालय अगाडि नै बाटो छेकेर गाडी पार्किङ गर्न समेत राज्य संलग्न भयो ।

त्यति मात्रै होइन, सरकारी सूचनामा नागरिकको पहुँच सुनिश्चित हुनुपर्छ भन्ने लोकतान्त्रिक मान्यतालाई नै भत्काएर सरकारी सूचना सरकारी सञ्चारमाध्यमलाई मात्र दिने निर्णय गऱ्यो। यो निर्णय गर्दा अपरिपक्वता त देखियो नै, हामीले अभ्यास गरिएका कानून र संविधानका ५ वटा प्रावधान समेत बेवास्ता गरियो । 'कानूनको प्रावधानभन्दा शासकको हुकुम ठूलो' यो कुन अवस्थामा हुन्छ भन्ने कुराको अनुमान लगाउन कोही कसैलाई पनि समस्या हुँदैन ।

अहिलेको अर्को ठूलो सन्दर्भ त एकोहोरो सञ्चारको अभ्यासमा स्वयं शासकहरू नै लाग्ने खतरनाक पक्ष हो । मिडियाप्रति नकारात्मक धारणा पैदा गर्ने र आफ्ना निजी नियन्त्रणका संरचना मार्फत आफू अनुकूलको सूचना प्रवाह गर्ने नयाँ तर निकै नै खतरनाक प्रवृत्ति फस्टाउँदैछ । प्राविधिक भाषामा भन्नुपर्दा एल्गोरिदमको आधारमा आफ्नो पक्षमा धारणा बनाउने चाहना नयाँ भनिनेहरूमा नै धेरै देखियो ।

हालका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले कुनै बेला एउटा अन्तर्वार्तामा भनेका थिए- उनले हिटलरलाई भेट्न पाए भने सोध्नेछन् कि, 'तिमीले यति धेरै मानिसलाई एकै प्रकारले तिमीले जसरी नै सोच्ने कसरी बनायौं ?' उनको यो इच्छा र अहिले एल्गोरिदममाथिको विश्वासलाई एकै ठाउँमा राखेर हेर्ने हो भने वर्तमान सत्ताको सम्पूर्ण यत्न-प्रयत्न जिम्मेवार मिडियालाई कमजोर बनाउँदै आफू अनुकूलका सूचना संयन्त्रहरूमाथि नै भर पर्ने अवस्थाको निर्माणका लागि भइरहेको छ भन्न सकिन्छ । मिडियाको व्यवस्थापन र नियमनका लागि अझै पनि काम गर्नुपर्ने अवस्था छ । कानून निर्माणको चरण नै पार भएको छैन ।

कानून निर्माणका लागि पैरवी गरिरहेको र मिडियासँग जोडिएका मुद्दाहरू उठाइरहेको नेपाल पत्रकार महासंघका अनुसार अहिलेका सञ्चारमन्त्री कुरा सुन्दैनन्, कुरा राख्नेलाई हप्काउँछन्। शासकहरूमा परिपक्वताको पूर्ण अभाव छ । 'कानून मैले ल्याउँछु, बजेट उहाँले ल्याउनुहुन्छ' कानून मन्त्रीले ठेकेदारी शैलीमा यस्तो अभिव्यक्ति दिन्छिन् ।

नयाँका नाममा राजनीति र सत्तालाई यस्तो अपरिपक्व ढङ्गले अभ्यास गर्दैगर्दा त्यसलाई परिपक्वतातर्फ लैजानका लागि प्रेरित गर्ने, बहस चलाउन र आवश्यकता अनुसारको दबाब दिने दायित्व जिम्मेवार मिडियाको हो ।

थोमस जेफर्सन, बीपी कोइराला, कार्ल मार्क्स, महात्मा गान्धी लगायत विश्वकै ध्यान खिच्न सक्ने गरी राजनीति र सत्ता सञ्चालन गरेका तथा दर्शन दिएकाहरूले मिडियाप्रतिको आफ्नो बेजोड अपेक्षालाई सैद्धान्तीकरण गरी प्रस्तुत गरे। यो हाम्रो देशका राजनीति गर्ने र सत्ता चलाउनेहरूका लागि पनि एउटा सिकाइ हुनुपर्ने थियो । तर विडम्बना मिडियामा काम गरेर, मिडिया नै पढेर र मिडियाकै साथ लिएर सङ्गठित भएको नयाँ पार्टी सरकारमा गएपछि मिडिया बुझ्दै नबुझेको झैं गरी प्रस्तुत हुनु र सार्वजनिक मिडियामाथि आतङ्क सिर्जना गर्ने विभिन्न उपाय खोज्नेतर्फ लाग्नु आफैंमा आश्चर्यको कुरा हो ।

सुनिंदैछ कि- सरकारको सचिवालयबाट र पार्टीको संलग्नतामा ७ हजारभन्दा बढी त फेसबुक पेज मात्रै सञ्चालनमा छन् रे ! प्रधानमन्त्री र मन्त्रीको 'सवारी' मा नियमित खटिने सूचना प्रवाहका निश्चित संयन्त्रहरू छन् । संसद्मा पत्रकारको उपस्थितिलाई खुम्च्याइँदै लगिएको छ । यी सबै कुराहरू आफ्नो अनुकूलको मात्र सूचना प्रवाह होस् भन्नेमा पार्टी र सरकार दुवै एक ठाउँमा छन् भनेर अनुमान लगाउन सहजै सकिन्छ ।

पत्रकारिताले संसारभर अहिले नवीन चुनौतीको सामना गर्दैछ । प्रिन्ट मिडियाको भविष्यको चिन्ता गरिंदैछ । टेलिभिजनहरू हेर्नै छाडे भनेर चिन्ता गरिन्छ । प्रविधिको उपलब्धताले आमसञ्चारका उपभोक्ताको ध्यान जिम्मेवार मिडियाबाट तानेर निर्देशित, नियन्त्रित मिडियामा सारिंदैछ । एल्गोरिदमको संस्कृति चरमचुलीमा पुग्दैछ ।

एकोहोरो सूचनाका आधारमा विकास हुने नयाँ पुस्ताको मनोविज्ञानले भोलिको समाज र राष्ट्र कस्तो बाटोमा जाला ? यी गम्भीर र दीर्घकालीन मुद्दाहरूमाथि प्रशस्त छलफलको जरुरत छ । तात्कालिक समस्याका रूपमा श्रमको समस्या, विज्ञापनको कमिसनको समस्या, पारदर्शी लगानीको सन्दर्भमाथि पनि प्रशस्त छलफल गरेर व्यवस्थापकीय क्षेत्रमा सुधार ल्याउनुपर्नेछ भने कतिपय कानून निर्माण र परिमार्जनको आवश्यकता पनि छ ।

मिडियाको जगमा बनेको पार्टी र मिडियाकै बलमा बहुमत ल्याएको सरकार निर्माण भइसकेपछि यी सवालहरूमा तुलनात्मक रूपमा अघिल्ला सरकारभन्दा व्यवस्थित बहस होलान् भन्ने अपेक्षा तुहिएको छ ।

सिंढी चढेर माथि पुगेपछि त्यो सिंढीलाई भत्काइदिंदा कसरी ओर्लने भन्ने हेक्का राख्नुपर्छ । मिडियाकै बलमा प्राप्त विरासतको अभ्यास गर्दैगर्दा मिडियाप्रति यो ढङ्गको अनुदार बन्न न त नैतिकताका दृष्टिले उचित होला, न विरासत उल्टिएको दिन स्वतन्त्र विचार राख्ने माध्यम नै उपलब्ध होला । यो हेक्का वर्तमान नेपाली शासकहरूले समय छँदै राखे राम्रो हुनेछ ।

(लेखक नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष हुन् ।)

# नेप्से परिसूचक सामान्य अङ्कले घट्यो



काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक मंगलबार सामान्य अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४ दशमलव ६४ अङ्कले घटेर दुई हजार ६९६ दशमलव ६७ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७० अङ्कले घटेर ४७० दशमलव ७९ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ३१ अङ्कले घटेर १८५ दशमलव २२ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव १८ अङ्कले घटेर १५९ दशमलव ७० मा पुगेको छ । विभिन्न कम्पनीका एक करोड चार लाख २१ हजार ८६३ कित्ता सेयर रु चार अर्ब ४२ करोड ७३ लाख पाँच हजार ५४२ मूल्यमा खरिद बिक्री भएको छ ।

तेह्र उपसमूहमध्ये चार उपसमूह बढ्यो भने ९ उपसमूह घटेको छ । ९८ कम्पनीको सेयर बढ्यो भने १६६ कम्पनीको सेयर घट्यो । त्यसैगरी १३ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, लक्ष्मी उन्नति कोष, गरिमा समृद्धि योजनाका लगानीकर्ताले कमाएका छन् भने कुथेली बुखरी स्मल हाइड्रोपावर, सिद्धार्थ इक्युटि फण्ड, मेगा म्युचुअल फण्डलगायत लगानीकर्ताले गुमाएका छन् ।

# मधुमेहका बिरामीले गर्न नहुने यी गल्ती



मधुमेहका बिरामीले औषधिभन्दा धेरै खानपानमा ध्यान दिन जरुरी हुन्छ । मधुमेह भएपछि शरीरले इन्सुलिन हर्मोन ठीकसँग बनाउन वा यसको उपयोग गर्न सक्दैन । जसका कारण रगतमा निकै धेरै ग्लुकोज बन्छ ।

लापरबाहीले सुगरको मात्रा बढ्न सक्ने भएकाले मधुमेहका बिरामीलाई आफ्नो आहार र खानपानमा विशेष ख्याल दिन फिजिसियन डा. भोजराज अधिकारीको सुझाव छ ।

मधुमेहका बिरामीले रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्न र अन्य जटिलताबाट बच्न विभिन्न गल्ती गर्न नहुने उनी बताउँछन् ।

त्यस्ता गल्ती खानपान, औषधि र जीवनशैलीसँग सम्बन्धित रहेका छन् ।

**१. खानपानमा गरिने गल्तीहरू**

**धेरै समय भोको बस्नुः**

लामो समयसम्म नखाँदा सुगरको मात्रा अचानक घट्न सक्छ ।

**एकैपटक धेरै खाना खानुः**

धेरै खानाले रगतमा सुगरको मात्रा तीव्र गतिमा बढाउँछ ।

**कृत्रिम पेय पदार्थ पिउनुः**

कोक, फ्यान्टा, प्याकेटको जुस जस्ता पेय पदार्थ खानु हुँदैन ।

**उच्च ग्लाइसेमिक इन्डेक्स भएका फल खानुः**

धेरै कार्बोहाइड्रेट र गुलियो भएका फलफूल खानु गल्ती हो ।

तारेको र चिल्लो खानेकुरा खानुः समोसा, पिज्जा र बर्गर जस्ता आधुनिक खानेकुरा बार्नुपर्छ ।

**कार्बोहाइड्रेट पूरै बन्द गर्नुः**

शरीरलाई आवश्यक पर्ने पोषक तत्त्व पूरै छोड्नु हुँदैन ।

**२. औषधि र स्वास्थ्य जाँचमा गरिने गल्तीहरू**

**औषधि खान आलटाल गर्नुः**

डाक्टरको सल्लाहबिना औषधि खान अल्छी गर्नु हुँदैन ।

**आफैँ औषधि थपघट गर्नुः**

सुगर रिपोर्ट हेरेर आफैँ औषधिको मात्रा बदल्नु घातक हुन्छ ।

**नियमित जाँच नगराउनुः**

कम्तीमा ३-३ महिनामा रगत र रक्तचाप जाँच नगराउनु गल्ती हो ।

**लक्षण नदेखिए जाँच नगर्नुः**

सुगर बढेको लक्षण नदेखिए पनि भित्रभित्रै असर गरिरहेको हुन्छ ।

**३. जीवनशैलीसँग सम्बन्धित गल्तीहरू**

**शारीरिक व्यायाम नगर्नुः**

बिहान हिँड्डुल र व्यायाम नगर्दा सुगर नियन्त्रण हुँदैन ।

**तनाव र कम निद्राः**

धेरै मानसिक तनाव लिँदा र कम सुत्दा सुगरको मात्रा बिग्रिन्छ ।

**धुम्रपान र मदिरा सेवनः**

यसले मुटु र मिर्गौलाको जोखिमलाई तीव्र गतिमा बढाउँछ ।

**खुट्टाको हेरचाह नगर्नुः**

सामान्य चोटपटक लाग्दा पनि बेवास्ता गर्दा घाउ निको हुन गाह्रो हुन्छ । स्वास्थ्य खबरबाट

# सर्पदंशको बढ्दो सन्त्रास



प्रगति ढकाल

अहिले मनसुनको समय । किसानहरुको अधिकांश समय खेतबारीमै बित्ने गर्दछ। मनसुनी अवधिमा बढेको हुन्छ सर्पदंशको त्रासदी । विशेषगरी तराईका जिल्लामा मनसुन सुरु भएसँगै सर्पदंशका घटना बढ्न थाल्छन् ।

बिहान खेतमा पुगेको किसनालाई बेलुका सकुशल घर फर्किन पाइन्छ कि पाइँदैन भन्ने त्रास हुन सक्छ। दिनभर खेतमा काम गर्ने किसान मात्र होइन, राति आफ्नै घरमा सुतेका मानिस पनि सुरक्षित महसुस गर्न सक्दैनन् । घरभित्र निदाइरहेका मानिस, खेलिरहेका बालबालिका, बिहानै उठेर गोठतिर लागेका गृहिणी, घाँस काट्न वा धान खेतलाई पानी लगाउन गएका किसान जो कोही पनि सर्पदंशको शिकार बन्ने गरेका छन् । धेरै परिवारका लागि वर्षायामको रात चिन्ताको रात बन्ने गरेको छ।

चितवन जमुनापुरमा बस्ने विमला ढकाल पनि हरेक मनसुन यही त्राससँग बाँचिरहेकी छिन् । खेतमा काम गर्न जाँदा उनको ध्यान धानभन्दा बढी वरिपरि सर्प छ कि छैन भन्नेमा जान्छ । 'काम नगरी खान पनि पुग्दैन । खेतमा नगई विकल्प छैन, तर काम गर्न जाँदा सर्प आउँछ कि भन्ने डर लागिरहन्छ। बारीमा मात्रै होइन, कहिलेकाहीँ त घरमा झुलभित्रै पनि पस्दोरहेछ ।'-उनले भनिन् ।

ढकालको चिन्ता त्यतिमै सीमित छैन । घरमा प्रायः एक्लै बस्नुपर्ने भएकाले आकस्मिक रूपमा सर्पले टोके कसरी अस्पताल पुग्ने भन्ने प्रश्नले उनलाई झन बढी सताउँछ । उनलाई मात्रै होइन बाराको सिम्रौनगढ नगरपालिका-२ का चुरे अभियन्ता समेत रहेका सुनिल यादवलाई वर्षायामसँगै सर्पदंशको उत्तिकै चिन्ता हुन्छ । मनसुनको सर्पदंशको समयमा उनलाई आफ्नोभन्दा बढी चिन्ता आफ्ना साना छोराछोरीको हुन्छ । 'बच्चाहरू कतिखेर कहाँ पुग्छन् भन्ने नै थाहा हुँदैन,' उनी भन्छन्-"तर यस समयम विशेष सतर्कता अपनाउँदै सर्प आउने डरले उनीहरूलाई जथाभावी खेल्न दिँदैनौँ। राति राम्रोसँग झुल लगाएर सुत्न भन्छौँ तर त्यसले मात्र मन ढुक्क हुँदैन ।'

उनका अनुसार तराई क्षेत्रमा धेरै परिवार अझै शौचालयविहीन छन् । राति शौच गर्न बाहिर निस्कनुपर्ने बाध्यताले पनि सर्पदंशको जोखिम बढाएको छ। गाउँघरका झाडी, खेतका आली र मुसाले बनाएका प्वाल सर्पका सुरक्षित वासस्थान बनेका छन् ।

किसानको अवस्था अझ चुनौतीपूर्ण रहेको उनी बताउँछन् । "सिँचाइका लागि पानी नपरेको बेला राति मोटर चलाउन खेत पुग्नुपर्ने हुन्छ । अँध्यारोमा खेतको आली हुँदै हिँड्दा सर्पसँगको जम्काभेट कुनै पनि बेला हुनसक्छ", उनले भने-"खेतका आलीमा मुसा धेरै हुन्छन्, मुसाको खोजीमा त्यहाँ सर्प पनि आउँछ।" यादवका अनुसार सर्पदंशबाट जोगिने सबैभन्दा प्रभावकारी उपाय भनेको व्यक्तिगत सतर्कता नै हो । "बच्चालाई जतातत‍ै खेल्न नदिने, राति टर्च बोकेर हिँड्ने, खेतबारीमा बुट लगाउने र वरिपरिको झाडी सफा राख्ने बानी बसाल्नुपर्छ ।"-उनको सुझाव छ।

**सबैभन्दा बढी सर्पदंशबाट मृत्यु**

मनसुनसँगै बाढी, पहिरो र डुबानको चर्चा बढी हुने गरे पनि पछिल्ला तथ्याङ्कले नेपालमा यसवर्ष सबैभन्दा धेरै ज्यान लिने विपद् सर्पदंश बनेको देखाएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गत बैशाख १ गतेदेखि साउन १० गतेसम्म सर्पदंशका ६६१ घटना भएका छन् । ती घटनामा ५३ जनाले ज्यान गुमाएका छन् भने ५७२ जना घाइते भएका छन् । यस अवधिमा ६२२ परिवार प्रभावित बनेका छन् ।

प्राधिकरणको तथ्याङ्कअनुसार यही अवधिमा विपद्जन्य घटनामध्ये सबैभन्दा धेरै मृत्यु सर्पदंशबाट भएको छ। चट्याङ लागेर २५ जनाको मृत्यु भएको छ भने लेक लागेर २१, आगलागीबाट १९, जनावरको आक्रमणबाट १७, बाढीबाट १३ र पहिरोबाट पनि १६ जनाले ज्यान गुमाएका छन् । भारी वर्षाका कारण चार तथा डुङ्गा पल्टिँदा दुईको मृत्यु भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । साउन ७ गतेदेखि साउन ८ गतेसम्मको २४ घण्टामा मात्रै सर्पदंशका १६ घटना दर्ता भएका छन् । प्राधिकरणका सहसचिव प्रदीपकुमार कोइरालाले मनसुनमा सर्पदंशको समस्या जनस्वास्थ्यको गम्भीर सङ्कट रहेको भन्दै प्राधिकरणले समस्या न्यूनीकरणका लागि सचेतना तथा अन्तरसरकारी निकायबीच समन्वय बढाइएको जानकारी दिए।

**सर्पदंशबाट महिलाहरू बढी प्रभावित**

सर्पदंशको जोखिम सबैका लागि समान देखिए पनि यसको असर भने महिलामाथि बढी परेको तथ्याङ्कले देखाएको छ । प्राधिकरणको तथ्याङ्कअनुसार २०७४ सालदेखि २०८३ सालसम्म सर्पदंशका एक हजार २१८ घटना दर्ता भएका छन् । ती घटनामा २५९ जनाले ज्यान गुमाएका छन् । मृत्यु हुनेमध्ये १३२ जना महिला र १२१ जना पुरुष रहेका छन् । यसमा सर्पदंशबाट महिलाको मृत्यु संख्या पुरुषभन्दा बढी रहेको देखाउँछ । यस अवधिमा ९७६ जना घाइते भएका छन् । घाइतेमध्ये ५४२ जना महिला र ४३४ जना पुरुष छन् । सर्पदंशका घटनाबाट एक हजार २२६ परिवार प्रत्यक्षरूपमा प्रभावित भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ।

प्राधिकरणका अनुसार ग्रामीण क्षेत्रमा महिलाहरू खेतमा धान रोप्ने, घाँस-दाउरा संकलन गर्ने, पशुपालन गर्ने तथा राति घरायसी कामका लागि बाहिर निस्कने भएकाले उनीहरू बढी प्रभावित हुने गरेका छन् । प्राधिकरणका सहसचिव प्रदीपकुमार कोइरालाले सर्पदंश रोकथामसम्बन्धी जनचेतना, सुरक्षित कार्य अभ्यास र उपचार सेवाको पहुँचमा प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको बताए । उनका अनुसार सर्पको टोकाइबाट मृत्यु भएमा दुई लाखसम्म क्षतिपूर्ति दिने व्यवस्था छ।

**सर्पको वासस्थानबारे अध्ययन सुरु गरिने**

प्राधिकरणका नवनियुक्त कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले सर्पदंशका घटना न्यूनीकरण गर्न सर्पको वासस्थान र आवतजावत हुने क्षेत्रको अध्ययन सुरु गरिने बताएका छन् । उनले सर्प कहाँबाट आउने, कस्तो वातावरण र बासस्थानमा बस्ने तथा मानिससँगको सम्पर्क किन बढिरहेको छ भन्ने विषयमा अध्ययन गरिने जानकारी दिए । "सर्पको वासस्थान र आवतजावत हुने क्षेत्रको अध्ययन गरेर जोखिम न्यूनीकरणका उपाय अघि बढाउँछौँ ।"-उनले भने ।

उप्रेतीका अनुसार सर्पदंशका घटना बढी हुने क्षेत्रमा स्थानीय तहसँग समन्वय गरी सर्प उद्धार तथा व्यवस्थापनको प्रणाली विकास गरिनेछ । जोखिमयुक्त बस्तीमा जनचेतना अभिवृद्धि, उद्धार टोलीको क्षमता विकास तथा स्थानीयस्तरमै तत्काल प्रतिकार्य गर्न सकिने संयन्त्र निर्माणमा पनि जोड दिइने उनले बताए । डा. उप्रेतीले सर्पदंशलाई वर्षायाममा देखिने प्रमुख विपद्का रूपमा लिएर यसको रोकथाम र न्यूनीकरणका लागि सम्बन्धित निकायसँग सहकार्य गर्दै प्रभावकारी कार्यक्रम सञ्चालन गरिने जनाए ।

**मनसुनमै बढ्छन् बिरामीको संख्या**

मनसुन सुरु भएसँगै सर्पदंशका बिरामीको संख्या उल्लेख्य रूपमा बढ्ने गरेको बताउँछन्, वीर अस्पतालका विशेषज्ञ डा. सुनिल विश्वकर्मा । "अहिले अस्पतालमा दैनिक औसत चार जना सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन् । तीमध्ये अधिकांश बिरामी तराईका जिल्लाबाट आउने गरेका छन् भने सर्लाहीबाट आउने बिरामीको संख्या तुलनात्मक रूपमा बढी रहेको छ", उनले भने-"सर्पले टोकेपछि समय खेर फाल्नु हुँदैन । बिरामीलाई सकेसम्म चाँडो नजिकको स्वास्थ्य संस्थामा पुऱ्याएर प्रारम्भिक उपचार गराउनुपर्छ। त्यसपछि विषालु सर्पले टोकेको हो वा होइन भन्ने चिकित्सकीय रूपमा पुष्टि गर्नुपर्छ ।"

उनका अनुसार विषालु सर्पले टोकेको पुष्टि भएपछि मात्र सरकारले तोकेका एन्टिस्नेक भेनम (एन्टिभेनम) उपलब्ध हुने स्वास्थ्य संस्थामा लगेर उपचार गर्नुपर्छ । डा. विश्वकर्माले सर्पदंशपछि धामी-झाँक्रीकोमा जाने, घाउ काट्ने, विष चुस्ने वा कसिलो डोरी बाँध्ने जस्ता परम्परागत अभ्यासले बिरामीको अवस्था झन जटिल बनाउनसक्ने भएकाले यस्ता कार्य नगर्न पनि आग्रह गरे । उनले सर्पदंशलाई चिकित्सा आपत्कालीन अवस्था मान्दै ढिलाइ नगरी उपचारमा पुग्न सबैलाई अनुरोध गरे ।

**समयमै उपचार पाए जोगिन्छ ज्यान**

मनसुन सुरु भएसँगै नेपालका तराई तथा भित्री मधेसका जिल्लामा सर्पदंशका घटना बढ्न थालेको प्राधिकरणको भनाइ छ । खेतबारीमा काम गर्ने किसान, घाँस-दाउरा सङ्कलन गर्ने, माछा मार्ने तथा भुइँमा सुत्ने बानी भएका ग्रामीण बासिन्दा सर्पदंशको बढी जोखिममा पर्ने स्वास्थ्यकर्मी बताउँछन् । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सर्पदंशलाई सामान्य घटना नठानी समयमै उपचारका लागि स्वास्थ्य संस्थामा पुग्न आग्रह गरेको छ। केन्द्रका निर्देशक डा राधिका थपलियाले वर्षायाममा सर्पदंशको जोखिम अझ बढ्ने गरेको भन्दै समयमा नै उपचार गरेमा ज्यान जोगिन सक्ने बताए।

बिरामीलाई नआत्तिन दिने, शान्त राख्ने, टोकेको अङ्गलाई कम चल्ने गरी स्थिर राख्ने र सकेसम्म छिटो एन्टिस्नेक भेनम उपलब्ध स्वास्थ्य संस्थामा पुऱ्याउनु नै सबैभन्दा प्रभावकारी उपाय रहेको थपलियाको भनाइ छ। "हामीले सर्पदंशबाट बच्नका लागि व्यापक रुपमा चनचेता अभिवृद्धि गर्दै आइरहेका छौँ तर समयमा नै अस्पताल आउनुभन्दा अझै पनि धामीझाँक्री लगाउने चलन छ । बिरामीले समयमा नै उपचार नपाएर ज्यान जाने गरेको छ।"-उनले भने।

**समयमा नै अस्पताल नपुग्ने समस्या**

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका विशेषज्ञ डा. मिलन बज्राचार्यले सर्पले टोकेको ठाउँ काट्ने, विष चुस्ने, कसिलो डोरी बाँध्ने (टर्निकेट प्रयोग गर्ने) वा धामी-झाँक्री तथा घरेलु उपचारमा समय खर्च गर्नेजस्ता अभ्यासले बिरामीको अवस्था थप जटिल बनाउन सक्ने बताए । "उपचारको सुविधा भए पनि सर्पले टोकेपछि समयमा नै अस्पताल नपुग्ने समस्याका कारण धेरैले अकालमा नै ज्यान गुमाएका छन् । अझै पनि चनचेतनाको अभाव देखिएको छ", उनले भने-"सर्पदंशमा सबैभन्दा प्रभावकारी उपचार भनेको समयमै स्वास्थ्य संस्थामा पुग्नु हो । सही समयमा उपचार पाए धेरैजसो बिरामीको ज्यान बचाउन सकिन्छ ।"

सर्पदंशबाट बच्न रातिको समयमा टर्च लाइटको प्रयोग गर्ने, खेतबारी तथा झाडीमा काम गर्दा बुट र लामो कपडा लगाउने, घर वरिपरिका झाडी सफा राख्ने, मुसा नियन्त्रण गर्ने तथा भुइँमा सुत्नुभन्दा खाटमा सुत्ने बानी बसाल्न पनि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सुझाव दिएको छ । स्वास्थ्य विज्ञहरूका अनुसार नेपालमा सर्पदंश अझै पनि ग्रामीण क्षेत्रमा एउटा प्रमुख जनस्वास्थ्य चुनौतीका रूपमा रहेको छ । उपचारमा ढिलाइ, अन्धविश्वास र स्वास्थ्य सेवामा ढिलो पहुँचका कारण धेरै बिरामीले ज्यान गुमाउने गरेका छन् ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले मनसुनको समयमा खेतबारी र ग्रामीण बस्तीमा सर्पसँगको मानवीय सम्पर्क बढ्ने भएकाले स्वास्थ्य मन्त्रालयले सचेत रहन, सही जानकारी फैलाउन र सर्पदंशलाई सामान्य रूपमा नलिन सबैमा आग्रह गरेको छ । राष्ट्रिय प्राकृतिक संरक्षण कोषका अनुसार नेपालमा गोमन, राजगोमन, करेत, ठूलो कालो करेत, सानो कालो करेत, ब्यान्डेड करेत, रसेल्स भाइपर, मोनोकल्ड कोब्रालगायतका विशालु प्रजातिका सर्पहरु पाइने गर्दछन् ।

# अनेम संघ देवदहको अध्यक्षमा फूलमाया




देवदह । नयाँ नेतृत्व चयन गर्दै अखिल नेपाल महिला संघ देवदह नगर कमिटीको १६औं नगर सम्मेलन सम्पन्न भएको छ।

नगर सम्मेलनले फूलमाया श्रीषको अध्यक्षतामा २१ सदस्यीय अखिल नेपाल महिला संघ देवदह नगर कमिटी गठन गरिएको छ। जसको उपाध्यक्ष्यमा गीता घिमिरे पाण्डे, सचिवमा सुशीला पराजुली, कोषाध्यक्षमा शर्मिला पन्थ, सह-सचिवमा बेलुमाया बम्रेल रहेका छन् । जसको सदस्यहरुमा इमा भूषाल, मैना आर्चाय, जमुना घिमिरे, सिमा चौधरी, दुर्गा पाण्डे, बिमला न्यौपाने, यमकला खड्का, सरस्वती पराजुली, विष्णुमाया सिंह, सिमा दर्जी, झविन्द्र विक, दिलु थापा, कुमारी पल्लीलगायत रहेका छन् ।

नगर सम्मेलनलाई सम्बोधन गर्दै नेकपा एमालेका केन्द्रीय सदस्य तथा अखिल नेपाल महिलाका स्थायी कमिटी सदस्य ज्ञानु केसीले राष्ट्र र राष्ट्रियताको पक्षमा नेकपा एमाले जहिले पनि अग्रपंक्तिमा रहने बताइन् ।

उनले अखिल नेपाल महिला संघ नेकपा एमालेको मेरुदण्ड भएकोले संगठन विस्तारलाई प्राथमिकता दिनु पर्नेमा जोड दिइन् । उनले जेन्जी आन्दोलनका गत फागुनमा भएको प्रतिनिधि सभा निर्वाचनमा नेकपा एमालेले पराजय भोग्नु परेको बताउँदै पार्टीका नेताहरु सच्चिन आवश्यक रहेकोमा जोड दिइन् ।

उनले आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै पार्टी पुन जागरण अभियानमा रहेको बताइन् । नेता केसीले नेकपा एमालेलाई जनताको पार्टीको रुपमा स्थापित गर्न कार्यकर्ताहरु लाग्नु पर्नेमा जोड दिइन् । उनले पार्टीको वारेमा सामाजिक सञ्जालमा गरिएका भ्रामक विषय माथि नेतृत्वले चिर्न आवश्यक रहेको बताइन् ।

एक फरक प्रसंगमा नेता केसीले नेकपा एमालेको योजना र भिजनले मात्र सुरुङ्ग मार्ग सफल भएको दाबी गर्दै नया सरकार आएसँगै युवाहरु विदेश पलायन हुने क्रम बढिरहेको जनाइन् ।

अखिल नेपाल महिला संघ देवदह नगर कमिटीका अध्यक्ष गीता भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा अखिल नेपाल महिला संघका स्थायी कमिटी सदस्य तथा लुम्बिनी प्रदेशसभा सदस्य जानकी न्यौपाने, पार्टीका प्रदेश कमिटी सदस्य एवं देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्ग, अखिल नेपाल महिला संघ देवदह नगर कमिटी रुपन्देहीका अध्यक्ष विष्णु केसी, नेकपा एमाले देवदहका अध्यक्ष केशव भट्टराई, अखिल नेपाल महिला संघ देवदह नगर कमिटीका इञ्चार्ज अञ्जु श्रेष्ठलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

कार्यक्रममा संघका अध्यक्ष भण्डारीले वार्षिक प्रगतिसँगै आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । संघका उपाध्यक्ष फूलमाया श्रीषको स्वागत र सचिव अनिषा पौडेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

---

**कांग्रेस र एमालेले** ...

यसका लागि 'इलेक्सन साइबर सेक्युरिटी एन्ड डिजिटल इन्टिग्रिटी सेन्टर' स्थापना गरी साइबर सुरक्षा सुदृढ गर्नुपर्ने उनको प्रस्ताव छ।

उनले निर्वाचन प्रक्रियालाई क्रमशः 'पेपरलेस' बनाउँदै कागजी प्रक्रिया ८० प्रतिशतसम्म घटाउन सकिने उल्लेख गरे। यसले डिजिटल प्रणालीले प्रशासनिक खर्च उल्लेख्य रूपमा घटाउने दाबी गरे । प्रस्तावित आयुक्त सुब्बाले ईभीएम र इन्टरनेट भोटिङ तत्काल देशभर लागू गर्नुभन्दा पहिले पाइलट परीक्षण, स्वतन्त्र प्राविधिक तथा सुरक्षा परीक्षण र चरणवद्ध कार्यान्वयन गर्ने बताए।

नेपालमा आवश्यक डिजिटल पूर्वाधार, राष्ट्रिय परिचयपत्र, डिजिटल मतदाता नामावली, डेटा सेन्टर, सरकारी क्लाउड, मोबाइल इन्टरनेट पहुँच तथा साइबर सुरक्षा क्षमता रहेको उल्लेख गर्दै उनले कानुनी व्यवस्था र प्रणाली एकीकरण भए आगामी केही वर्षभित्र इन्टरनेट भोटिङ सम्भव हुने बताए । उनले प्रत्येक निर्वाचनमा करिव १ हजार ५ सय करोडदेखि १ हजार ७ सय करोड खर्च हुने उल्लेख गर्दै डिजिटल मतदान प्रणालीमा प्रारम्भिक लगानी बढी भएपनि दुई निर्वाचन चक्रभित्र लागत उठ्ने दाबी गरे।

उनले भने-'अब होल प्रोसेस नै पेपरलेसमा जानुपर्छ। सुरुमा पेपरलेस जान नसकिएला तर लेस पेपरमा जान सकिन्छ। रियल टाइम इलेक्सन म्यानेजमेन्ट र डिसिजन सपोर्ट सिस्टमको निर्माण गर्नुपर्छ, हाम्रो सञ्जय दृष्टि हो । र यसको लागि के हुन्छ त भन्दा सबैभन्दा पहिलो यसको केपीआई भनेको चाहीँ सिंगल सोर्स अफ ट्रुथ भनेको छु, मैले। वान विन्डो पोलिसी अन्तर्गत सबै सूचना प्राप्त हुन्छ। ती सूचनाहरु एउटै सोर्सबाट आउँछ, त्यो भयो भने हामीसँग डेटा पनि प्रपर हुन्छ, खोज समय पनि कम लाग्छ र कागजी प्रक्रिया हामीले ८० प्रतिशत घटाउन सक्छौँ ।'

उनले थपे-'अब यहाँहरुलाई प्रश्न आउला ८० प्रतिशत कसरी ? मैले नेपाल प्रहरीमा जुन सिस्टम विकास गरेँ जुन लगाइयो जम्मा हामीले चाहिँ आठ वटा कम्प्युटरबाट गरेको प्रणालीले वर्षमा १८ लाख रुपैयाँको बचत गर्छ। पाँच वर्षमा एक करोडको हाराहारीमा पैसा बचत हुन्छ । इट्स अल लेस पेपर र पेपरलेसमा हामी फुल्ली जानसक्ने अवस्था छैन । तर लेस पेपर जानुपर्छ ।'

डा. सुब्बाले निर्वाचन सुरक्षा, साइबर सुरक्षा, भ्रामक सूचना नियन्त्रण, मतदाता शिक्षा, युवा सहभागिता, अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्र विकासलाई पनि आफ्नो कार्ययोजनाको प्राथमिकतामा राखेको जानकारी दिए।

**यस्तो थियो** ...

'हामीले गर्वका साथ भन्छौँ- नेपाली कांग्रेसले राणा ढाल्यो, पञ्चायत ढाल्यो देशमा गणतन्त्र ल्यायो । तर, साथीहरू इतिहासको ब्याज मात्र खाएर अब भविष्य चल्दैन,' उनले भनेका थिए-'समय र पुस्ता बदलिएको छ। जनताका अपेक्षाहरू बदलिएका छन् । त्यसैले अब हाम्रो पार्टी चल्ने शैली पनि बदल्नुपर्छ । अब नयाँ युवाहरूलाई अगाडि सार्नुपर्छ ।'

नयाँ युवा युवतीहरुलाई यो देशको हरेक ठाउँमा ल्याउनुपर्ने उनले धारणा राखेका थिए । यो नै श्रेष्ठको अन्तिम राजनीतिक भाषण थियो ।

श्रेष्ठ संविधानसभामा स्याङ्जा क्षेत्र नम्बर १ बाट विजयी भएका थिए । उनी ०४८ र ०५६ को संसदीय निर्वाचनमा पनि सोही क्षेत्रबाट विजयी भएका थिए ।

३ छोरा र ६ छोरीसहित नौ सन्तानका पिता श्रेष्ठले भौतिक योजना तथा निर्माणमन्त्री, वन तथा भूसंरक्षणमन्त्री र उद्योगमन्त्रीको जिम्मेवारी सम्हालेका थिए । कांग्रेस संसदीय दलको प्रमुख सचेतक समेत रहिसकेका श्रेष्ठ नेपाली कांग्रेस (प्रजातान्त्रिक) का कार्यवाहक सभापति पनि बनेका थिए ।

विद्यार्थीकालमै २०१७ सालदेखि प्रजातान्त्रिक आन्दोलनमा क्रियाशील श्रेष्ठ ०३६ को जनमतसंग्रह, ०४२ को सत्याग्रह, ०४६ को जनआन्दोलन र ०६२/६३ को दोस्रो जनआन्दोलनमा सक्रिय सहभागी थिए । लोकतन्त्र स्थापनाको आन्दोलन र शान्ति प्रक्रिया अघि बढाउने कार्यमा उनले अग्रपंक्तिमा रहेर काम गरे ।

अर्थशास्त्रमा स्नातक श्रेष्ठको राजनीतिबाहेकको पेशा व्यापार थियो । उनी रेडक्रसका आजीवन सदस्य समेत भएका थिए । राजनीतिक यात्राका क्रममा साढे पाँच वर्ष जेल जीवन बिताएका श्रेष्ठको रुचि समाजसेवामा पनि थियो ।

श्रेष्ठले संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने, आदिवासी, जनजाति, महिलालगायत पिछडिएका वर्गको उत्थानका लागि आवाज उठाउँथे ।

**स्वास्थ्यकर्मीमाथि**...

जसका कारण उपचारको पर्खाइमा रहेका हजारौँ बिरामीहरूले सास्ती भोग्नुपर्ने विषम परिस्थिति सिर्जना भएको उल्लेख गरे । उनले स्वास्थ्य क्षेत्रमा देखिएको समस्याको लागि तत्कालीन र दीर्घकालीन समाधान खोज्न ढिलाइ गर्न नहुने भन्दै तीनबुँदे सुझाव सार्वजनिक गरेका छन् ।

थापाले लेखेका छन्-"आफ्नो सुरक्षा र पेसागत हकका लागि सेवा बन्दजस्तो अप्रिय निर्णय गर्ने ठाउँमा चिकित्सक तथा स्वास्थ्यकर्मी पुग्नु चिन्ताजनक विषय हो । यस्तो परिस्थिति अहिले मात्र भएको होइन । त्यसैले यसतर्फ तत्कालीन र दीर्घकालीन समाधान खोज्न ढिलो गर्नु हुँदैन ।"

## भूमि प्रशासन कार्यालय, भैरहवा रुपन्देहीबाट नामसारीको लागि जारी गरिएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः२०८३/०४/१३

साविक सि.न.पा. वडा नं. ६ बस्ने गोविन्द चाईले मेरो आमा ज.ध. मुराती चाइनको मिति २०८३।०२। १७ गते मृत्यु भएको हो। हाम्रो बाबु श्रीराम चाईको मिति २०५३ । ०२ । ०४ मा मृत्यु भएको हो। निजहरुबाट हामी २ छोरा र ३ छोरीको जायजन्म भएकोमा छोरीहरु सबैको विवाह भैसकेको र २ छोराहरु मध्ये जेठो केदार सहानी चाईको मिति २०७५।०२।१७ मा अविवाहित अवस्थामा नै मृत्यु भएकोले मृतक ज.ध. मेरो आमा जिवित रहँदा निजको पालताल औषधी उपचार र मृत्युपश्चात् धर्म सस्कार अनुसार काजकृया म निवेदकले गरेको र हाल निजको नजिकको हकवाला म मात्र भएको हुँदा मृतक ज.ध. मुराती चाइनको नाममा दर्ता कायम रहेको जिल्ला रुपन्देही सि.न.पा. वडा नं. ६क कित्ता नं. १५६५ ज.बि. १०१.५७ व.मि कित्ता जग्गा मेरो नाममा नामसारी गरि पाउँ भनि द.नं. २७६३८ मिति २०८३।०३।१८ मा यस कार्यालयमा निवेदन पेश गरेको हुँदा मृतक ज.ध. को पालताल काजकृया कसले गरेको हो ? निजको नजिकको हकवाला निवेदक मात्र हुन कि अन्य हकवाला पनि छन् ? उल्लेखित जग्गा जमिनमा जोतभोग कसले गरेको छ ? कुनै प्रकृतिको सरकारी/सार्वजनिक जग्गा घुसेको छ/छैन ? अन्य कुनै व्यक्ति वा संघसस्थाको हक हनन् हुन्छ / हुँदैन ? निवेदकको नाउमा नामसारी गर्न मिल्छ/मिल्दैन ? सो एकिन सम्बन्धमा हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यदी कोही कसैको हकदाबी भएमा सोही अवधी भित्र स्वय आफु वा आफ्नो वारेस मार्फत उजुर/बाजुर गर्न आउनुहुन अनुरोध छ। अन्यथा नियम कानून बमोजिम भै जाने व्यहोरा सूचित गरिन्छ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

६१औँ रक्त सञ्चार सेवा दिवसः

# ३३ हजार ७ सय युनिट रगत संकलन




बुटवल । तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले रक्तदानलाई मानवीय सेवाको महत्वपूर्ण अभियानका रूपमा अघि बढाउनुपर्ने बताएका छन् । रगतको अभावमा कसैले पनि उपचारबाट वञ्चित हुन नपरोस् भन्नका लागि रक्तदान अभियानलाई निरन्तरता दिनुपर्नेमा उनले जोड दिए ।

नेपाल रेडक्रस सोसाइटी रूपन्देही जिल्ला शाखाले ६१औँ रक्त सञ्चार सेवा दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि खाँणले रक्त सञ्चार सेवा मानव जीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील सेवा भएकाले यसको प्रभावकारिताका लागि सरकारी निकाय, स्थानीय तह, स्वास्थ्य संस्था, सामाजिक संघसंस्था र नागरिक सबैको सहकार्य आवश्यक रहेको बताए ।

कार्यक्रममा वक्ताहरूले पछिल्लो समय स्वास्थ्य संस्थाको संख्या र उपचार सेवा विस्तारसँगै रगतको मागसमेत बढ्दै गएको भन्दै नियमित रक्तदान अभियानलाई अझ व्यापक बनाउनुपर्नेमा जोड दिएका थिए । उनीहरूले युवापुस्तालाई रक्तदानमा आकर्षित गर्दै जन्मदिन, पुण्यस्मृति तथा अन्य विशेष अवसरलाई रक्तदानसँग जोड्न सके रगतको अभाव न्यूनीकरण गर्न सहयोग पुग्ने बताए ।

रूपन्देहीमा रक्तदान अभियानमार्फत् ठूलो मात्रामा रगत संकलन हुँदै आए पनि मागअनुसारको आपूर्ति कायम राख्न नियमित रक्तदान आवश्यक रहेको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका बुटवल र भैरहवास्थित रक्त सञ्चार सेवा केन्द्रबाट कुल ३३ हजार ७ सय युनिट रगत संकलन भएको छ । संकलित रगतमध्ये २८ हजार ६ सय १६ युनिट अर्थात् ८५ प्रतिशत पुरुष र ५ हजार ८४ युनिट अर्थात् १५ प्रतिशत महिला रक्तदाताबाट प्राप्त भएको हो ।

संकलित रगतमध्ये ७५ प्रतिशत संस्थागत रक्तदान कार्यक्रमबाट जुटेको छ । ४ सय २४ संघसंस्थाले ६ सय ७२ पटक रक्तदान कार्यक्रम आयोजना गरी २५ हजार २ सय ४३ युनिट रगत संकलन गरेका छन् । त्यस्तै, व्यक्तिगत तथा स्वतःस्फूर्त रक्तदाताबाट ८ हजार ४ सय ५७ युनिट अर्थात् २५ प्रतिशत रगत संकलन भएको छ ।

रक्त संकलनसँगै रूपन्देहीमा रगतको मागसमेत उच्च रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा बुटवल र भैरहवा रक्त सञ्चार सेवा केन्द्रबाट कुल ३९ हजार ४३ युनिट रगत वितरण गरिएको छ । जसमध्ये ३३ हजार १ सय ७९ युनिट होल ब्लड तथा प्याक सेल र ५ हजार ८ सय ६४ युनिट ब्लड कम्पोनेन्ट वितरण गरिएको छ ।

वितरण गरिएको रगतमध्ये २१ हजार २ सय ८२ युनिट अर्थात् ५५ प्रतिशत महिला र १७ हजार ७ सय ६१ युनिट अर्थात् ४५ प्रतिशत पुरुष सेवाग्राहीले प्राप्त गरेका छन् । संकलनको तुलनामा वितरण बढी देखिनुको कारण अघिल्लो अवधिको मौज्दात तथा अन्य स्रोतबाट प्राप्त रगतसमेत सेवामा प्रयोग भएको रक्त सञ्चार सेवाले जनाएको छ ।

रक्त सञ्चार सेवालाई सर्वसाधारणको पहुँचमा पुऱ्याउन प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यलाई समेत प्राथमिकता दिइएको छ । प्रदेश सरकारमार्फत लुम्बिनी प्रादेशिक अस्पताल र भीम अस्पतालमा १२ हजार ७ सय १५ युनिट अर्थात् ३२.५ प्रतिशत रगत निःशुल्क वितरण गरिएको छ। त्यस्तै, नेपाल रेडक्रस सोसाइटी रूपन्देहीले ४३ स्थानीय तहसँग सम्झौता गरी १५ हजार ९ सय ८० युनिट अर्थात् ४१ प्रतिशत रगत निःशुल्क उपलब्ध गराएको छ । बाँकी १० हजार ३ सय ४८ युनिट अर्थात् २६.५ प्रतिशत रगत निजी तथा सामुदायिक अस्पतालमा सेवा शुल्क लिएर वितरण गरिएको थियो। हाल नेपाल रेडक्रस सोसाइटी रूपन्देही शाखाले जिल्लाका ५३ अस्पतालमा रक्त सञ्चार सेवा उपलब्ध गराउँदै आएको छ ।

दिवसका अवसरमा रक्त सञ्चार सेवा समितिको आर्थिक वर्ष २०८२/८३ को बुलेटिन विमोचन गरिएको थियो। रक्त सञ्चार सेवा केन्द्र बुटवलकी इन्चार्ज राधा ज्ञवालीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै जिल्लामा रक्त संकलन, वितरण र निःशुल्क रक्त सेवाको अवस्थाबारे जानकारी गराएकी थिइन् । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रूपन्देहीका सदस्य तथा रक्त सञ्चार सेवा समिति रूपन्देहीका संयोजक बेनबहादुर पौडेल क्षेत्रीले रक्त सञ्चार सेवाको वर्तमान अवस्था र रक्तदान अभियानमा संघसंस्था तथा नागरिकको योगदानबारे प्रकाश पारेका थिए । उनले नियमित रक्तदानलाई अभियानकै रूपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याए ।

दिवसको अवसरमा जन्मदिन तथा पुण्यस्मृतिका अवसरमा रक्तदान कार्यक्रम आयोजना गर्ने सरकारी निकाय, नगरपालिका तथा गाउँपालिका, स्वास्थ्य संस्था, धार्मिक तथा जातीय संस्था, नेपाल रेडक्रस सोसाइटी, उद्योग तथा व्यापारिक प्रतिष्ठान, वित्तीय संस्था र विभिन्न सामाजिक संघसंस्थासहित ६३ संस्था तथा व्यक्तिलाई सम्मान गरिएको थियो ।

त्यस्तै, रक्त सञ्चार सेवामा विशेष योगदान पुऱ्याउने महेन्द्रनारायण श्रेष्ठ, विमलबहादुर शाक्य, परशुराम शास्त्री, प्रेमलाल उदास तथा लुम्बिनी प्रादेशिक अस्पताललाई समेत सम्मान गरिएको थियो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रूपन्देहीकी उप-सभापति रमाकुमारी, लुम्बिनी प्रदेशका कार्यवाहक मन्त्री दिनेश पन्थी, नेपाल रेडक्रस सोसाइटी रूपन्देहीका सभापति रामचन्द्र उपाध्यायलगायतको सहभागिता थियो ।

# नेकपा बुटवलको एकता बैठक, १५१ सदस्यीय नगर समिति




बुटवल । नेपाली कम्युनिष्ट पार्टीको बुटवल उपमहानगर समितिको प्रथम एकता बैठक तथा प्रशिक्षण कार्यक्रम मंगलबार बुटवलमा सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै सो पार्टीका नेताहरूले कम्युनिष्ट आन्दोलनलाई पुनः एकताबद्ध गर्दै जनविश्वास पुनः हासिल गर्नुपर्नेमा जोड दिएका छन् । वर्तमान सरकारका अधिकांश निर्णय र कामहरु गरीब, मजदुर र किसान सहित आम नेपाली जनताको हितमा नभएको र सरकार छोटो समयमै बद्नाम भइसकेको नेताहरुले बताए ।

नेताहरुले संगठन विस्तार, वैचारिक स्पष्टता र जनतासँग प्रत्यक्ष सम्बन्ध मजबुत बनाउने विषयमा प्रशिक्षण तथा छलफल गर्दै पार्टीलाई निर्णायक शक्ति बनाउने बताएका थिए ।

नेताहरूले पछिल्ला राजनीतिक घटनाक्रमपछि कम्युनिष्ट शक्तिलाई थप संगठित बनाउने, वडा तहसम्म संगठन सुदृढ गर्ने र जनजीविकाका मुद्दामा प्रभावकारी रूपमा उत्रिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रममा बोल्दै नेकपा बुटवल उप-महानगर संयोजक महेन्द्र भुसालले समय सापेक्ष बदलिएर जान आफूहरु तयार रहेको बताए । उनले विगतको अनुभवबाट पाठ सिक्दै संगठनलाई अनुशासित, जनमुखी र परिणाममुखी बनाउने र तीन महिनाभित्र नगर अधिवेशन सम्पन्न गरिने जनाए । पार्टीभित्र चुनावको बेला पार्टीलाई मत नदिएर घात गर्ने व्यक्ति पहिचान गर्न शंकास्पद पार्टी सदस्यको निरन्तर रुपमा निगरानी गर्नु पर्ने भुसालले उल्लेख गरे ।

कार्यक्रममा नेकपा रुपन्देही इञ्चार्ज निर्मल जिसी, सह-इन्चार्ज राम परियार, सह-इञ्चार्ज आशा चौधरी, केन्द्रीय सदस्यहरु सुजित विक,कमल भण्डारी, नगर इञ्चार्ज पुष्पराज ढकाल, नेता बाबुलाल यादवलगायतले प्रशिक्षण मन्तव्य राख्दै कार्यकर्तालाई आशावादी र उत्साहित भएर अघि बढ्न आग्रह गरेका थिए ।

भेलाले नेकपा नगर कमिटीको संयोजकमा महेन्द्र भुसाल र सहसंयोजकमा साविक नेकपा एकीकृत समाजवादीका ऋषि बस्याललाई चयन गर्दै एक सय एकाउन्न सदस्यीय नगर कमिटी चयन गरेको छ । कार्यक्रम पार्टीको बुटवल नगर कमिटीका पुर्व सचिव तुल्सीराम न्यौपानेले सञ्चालन गरेका थिए ।

कार्यक्रममा बुटवल उप-महानगर समितिका पदाधिकारी, विभिन्न वडाका प्रतिनिधि तथा कार्यकर्ताको उत्साहजनक सहभागिता रहेको थियो ।

# लुम्बिनी फरेष्टर एक्सिलेन्स अवार्ड वन अधिकृत सुवेदीलाई



बुटवल । लुम्बिनी फरेष्टर एक्सिलेन्स अवार्ड बर्दियाका डिभिजनल वन अधिकृत विजयराज सुबेदीले प्राप्त गरेका छन् । वन क्षेत्रमा उत्कृष्ट पेशागत र व्यावसायिक योगदान गर्ने व्यक्ति र संस्थालाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल वन प्राविधिक संघ, लुम्बिनीले दुई वर्षअघि हरेक वर्ष एकजनालाई अवार्ड वितरण गर्ने घोषणा गरेको थियो । सोही घोषणा अनुसार पहिलोपटक सुवेदीलाई नगद ५० हजार रुपैयाँसहित अवार्ड प्रदान गरिएको हो ।

वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराई, नेपाल वन प्राविधिक संघ लुम्बिनीका अध्यक्ष केशव खड्का, नेपाल वन प्राविधिक संघका केन्द्रीय महासचिव गोविन्द दाहाल र वन निर्देशनालयका महानिर्देशक ईश्वरी पौडेलले संयुक्त रूपमा सुवेदीलाई कदरपत्र र अडार्डको राशी प्रदान गरेका हुन् ।

सो अवसरमा बोल्दै वन तथा वातावरण मन्त्रालय लुम्बिनीका सचिव प्रमोद भट्टराईले वन क्षेत्रका कर्मचारीहरूको योगदानलाई राज्यले उचित रूपमा मूल्याङ्कन गर्नुपर्नेमा जोड दिँदै यस्ता सम्मानले कार्यसम्पादनमा थप जिम्मेवारी र उत्प्रेरणा प्रदान गर्ने बताए । उनले वन संरक्षण, दिगो वन व्यवस्थापन तथा जैविक विविधताको संरक्षणमा उत्कृष्ट कार्य गर्ने जनशक्तिलाई सम्मानित गर्ने परम्पराले संस्थागत रूप लिनुपर्ने जनाए ।

नेपाल वन प्राविधिक संघ लुम्बिनीका अध्यक्ष केशव खड्काले स्वतन्त्र र निष्पक्ष मूल्याङ्कन आधारमा वन क्षेत्रमा उत्कृष्ट काम गर्नेमध्ये हरेक वर्ष एकजनालाई अवार्ड वितरण गर्ने विधि बनाइएको बताए ।

अवार्ड प्राप्त गरेका वन अधिकृत सुवेदीले वन व्यवस्थापन, वन संरक्षण तथा वन अतिक्रमण नियन्त्रणका क्षेत्रमा उल्लेखनीय योगदान गरेको खड्काले बताए । सुवेदीले विभिन्न जिल्लामा कार्यरत रहँदा वैज्ञानिक वन व्यवस्थापन, वन अपराध नियन्त्रण, अतिक्रमित वन क्षेत्र संरक्षण तथा वन प्रशासनलाई प्रभावकारी बनाउने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् ।

सम्मान ग्रहणपछि सुवेदीले अवार्डलाई व्यक्तिगत उपलब्धिभन्दा पनि सम्पूर्ण वन प्राविधिक समुदायको सम्मानका रूपमा लिएको प्रतिक्रिया दिए । उनले आगामी दिनमा वन संरक्षण, दिगो व्यवस्थापन तथा जनसहभागितामा आधारित वन प्रशासनलाई अझ प्रभावकारी बनाउन थप जिम्मेवारीका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# स्याङ्जामा ९० प्रतिशत क्षेत्रफलमा रोपाइँ

**प्रकाश डोटेल**
*स्याङ्जा*



स्याङ्जामा साउनको दोस्रो हप्तासम्ममा ९० प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सकिएको छ। जिल्लाको उत्तरी भेगको अधिकांश क्षेत्रमा रोपाइँ सकिएपनि दक्षिण-पश्चिमी क्षेत्रका केही फाँटहरुमा भने अझै रोपाइँ जारी रहेको छ।

जिल्लामा धान रोपाइँ हुने अनुमानित १३ हजार ६८५ हेक्टर क्षेत्रफलमध्ये १२ हजार ३१५ हेक्टरमा रोपाइँ सकिएको कृषि विकास कार्यालय स्याङ्जाले जनाएको छ । जिल्लाको उत्तरी भेगमा असारभित्रै रोपाइँ सकिएको छ भने दक्षिण-पश्चिमी क्षेत्रमा साउनको मध्येसम्म रोपाइँ गरिने हुँदा केही क्षेत्रफलमा रोपाइँ बाँकी रहेको कार्यालयले जनाएको छ।

उत्तरी भेगका फेदीखोला, पुतलीबजार, आँधीखोला र अर्जुनचौपारी, भीरकोटका धान उत्पादन हुने क्षेत्रमा करिब रोपाइँ सकिएको छ । कालीगण्डकी नदी आसपास चापाकोट टार र गल्याङ, जिमुवा, र्मिमि, बिर्घा, ज्याग्दीखोला तथा आँधीखोला किनार क्षेत्रका किसान रोपाइँमा व्यस्त रहेका छन् । कृषि प्राविधिकबाट प्राप्त विवरणका आधारमा जिल्लाभर औसतमा १० प्रतिशत क्षेत्रमा रोपाइँ गर्न बाँकी रहेको कार्यालयले जनाएको छ।

मौसम अनुकूल रहेकाले बाँकी क्षेत्रको रोपाइँ केही दिनभित्रै सकिने कार्यालयले जनाएको छ । यस वर्ष नियमित वर्षा भएसँगै अधिकांश धानखेत क्षेत्रमा सिँचाइको समस्या नभएको कार्यालयका कृषि अधिकृत नारायण पाठकले जानकारी दिए । जिल्लाको चापाकोट टार, साँखर, जिमुहा, पकान, डौँवा, सातुपसल, लामागे, ठुलीबेशी, बिरुवा तथा आँधीखोला, ज्याग्दीखोला र दरौँखोला आसपासका क्षेत्र प्रमुख धान उत्पादन पकेट मानिन्छन् ।

जिल्लामा पछिल्ला वर्षहरूमा उन्नत जातको धानप्रति किसानको आकर्षण बढ्दै गएको छ । पछिल्लो समय रामधान, सावित्री, सुनौलो सुगन्ध, सामा मन्सुलीलगायत उन्नत जातका धान लागउने गरिएको छ। च्याम्पियनजस्ता हाइब्रिड धानको खेती विस्तार हुँदै गए पनि रैथाने अनदी, काला, नमक जातका धान लगाउने गरिएको कार्यालयले जनाएको छ।

उता बढ्दो शहरीकरण, सडक विस्तार र घरघडेरी निर्माणका कारण खेतीयोग्य जमिन वर्षेनी घट्दै गएको कार्यालयले जनाएको छ । त्यसको प्रत्यक्ष असर धान रोपाइँ हुने क्षेत्रफलमा परेको छ भने वर्षेनी धान खेती हुने जमिन क्रमशः खुम्चिँदै गएको जनाइएको छ । धानखेती हुने क्षेत्रफल घट्दै जानु समयमै रासायनिक मल नपाउँदा उत्पादन र उत्पादकत्वमा ह्रास आउँदै गएको छ।

**भर्खरै रोपेको धानमा खपटे किराको प्रकोप**

स्याङ्जाको सदरमुकामस्थित पुतलीबजार नगरपालिकाभित्र भर्खरै रोपेको धान खेतमा खपटे किराको प्रकोप देखिएको छ। नगरपालिकाको कृषि विकास शाखाबाट गरिएको अनुगमनका क्रममा धान खेतमा काँडेदार खपटे किराको प्रकोप देखिएको हो।

भर्खर रोपेको धानको पातहरु सुकेको देखिएसँगै किसानले प्राविधिकलाई गुहारेपछि गरिएको अनुगमनमा प्रकोप भेटिएको छ । खपटे किराको लार्भा र वयस्क दुवैले धानको पातको हरियो भाग कोतरेर खाने, सेता धर्साहरू बनाउने र पात सुकाएर बिरुवाको वृद्धिमा रोकावट ल्याउने गरेको प्राविधिले बताएका छन् ।

पुतलीबजार नगरपालिका वडा नं.-४, १३ र १४ वडाका विभिन्न स्थानका धानखेतमा खपटे किराको प्रकोप फैलिएको नगरपालिकाका कृषि अधिकृत सुष्मा पनेरुले जानकारी दिइन् । किराको प्रकोपबाट बचाउन धान खेतको नियमित निरीक्षण, खेत र वरपरका झारपातहरू पूर्ण रूपमा हटाउन, खपटे किराको समस्या भर्खरै देखिएका खेतहरुमा कीटनाशक औषधी प्रयोग गर्न पनेरुले किसानलाई सुझाएकी छन् ।

# लुम्बिनीमा गत आवमा सवारी दुर्घटनाबाट ५८५ को मृत्यु

बुटवल । गत आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशका १२ जिल्लामा भएका सवारी दुर्घटनामा परी ५८५ जनाको मृत्यु भएको छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका अनुसार सो अवधिमा प्रदेशभर कूल चार हजार ७९७ वटा सवारी दुर्घटना भएका थिए ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा कार्यालय प्रमुख प्रहरी उपरीक्षक निशान थापाले दुर्घटनामा परी ४२४ पुरुष, ११० महिला र ५१ बालबालिकाको ज्यान गएको जानकारी दिए । दुर्घटनामा परी एक हजार ७९९ जना गम्भीर घाइते भएका छन् भने छ हजार २५९ जना सामान्य घाइते भएका छन् ।

तीव्र गति, मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउनु दुर्घटनाको मुख्य कारण रहेको प्रहरी उपरीक्षक थापाले बताए । दुर्घटनामा संलग्न कूल छ हजार ८२२ सवारी साधनमध्ये सबैभन्दा बढी मोटरसाइकल र स्कुटर रहेका छन् । तथ्याङ्कअनुसार चार हजार २८६ वटा मोटरसाइकल तथा स्कुटर दुर्घटनामा परेका छन् । यस्तै ६६६ जिप तथा कार, ५०९ टेम्पो, ४९५ शारीरिक शक्तिले चल्ने सवारी साधन, २१० बस तथा २०४ वटा ट्रक र ट्याक्टर दुर्घटनामा संलग्न रहेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com